जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :-

मिति :२०८०।०५।१८

**कन्ट्रयाक्ट फार्मिङ्गको लागि आवेदन पेश गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषाको प.सं.२०८०।०८१ च.नं.४० मिति २०८०।०५।१८ को प्राप्त पत्रानुसार संचालन हुने कन्ट्रयाक्ट फार्मिङ्गद्वारा बीउ उत्पादन कार्यक्रममा यस उपमहानगरपालिका अन्तर्गतका सहभागी हुन ईच्छुक अगुवा कृषक/समुह/समिति/सहकारी/व्यवसायिक कृषकहरुले मिति २०८०।०५।२२ गते भित्र देहाय अनुसारका कागजातहरु सहित आवेदन पेश गर्नुहुन व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. कार्यक्रममा सहभागि गराई दिने व्यहोराको निवेदन ।

२. ईच्छुक समुह/समिति/सहकारी/व्यवसायिक फर्मको दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

४. खेती गर्ने जग्गाको लालपूर्जाको प्रतिलिपि ।

५. समूह/समिति/सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागि हुने निर्णयको प्रतिलिपि ।

२०८०।५।१८

प्रमुख प्रशासकीय अधिकृत

मधेश प्रदेश सरकार

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

धनुषा, जनकपुरधाम

☎ ०४१-४२०१७९
☎ ०४१-४२०१४९

पत्र संख्या:- २०८०/०८१

च.नं.:- ४०

मिति:२०८०।०५।१८

(दोश्रो पटक प्रकाशित)

विषय: कन्ट्रयाक्ट फार्मिङ्गको लागि कृषक छनौट सम्बन्धमा।

श्री १८ वटै स्थानीय तह, धनुषा

पशु सेवा शाखा

प्रस्तुत विषयमा बिकेन्द्रिकृत आयोजना सहयोग इकाई मकवानपुर, हेटौडाको प.सं. २०८०।०८१, च.नं. ३३ तथा मिति २०८०।०५।०८ गतेको प्राप्त पत्रानुसार उक्त कार्यालयको आ.व. ०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने कन्ट्रयाक्ट फार्मिङ्गद्वारा बीउ उत्पादन कार्यक्रम १० हेक्टरको लक्ष्य सहित कार्यक्रम रहेको हुनाले तहाँ स्थानीय तहको पशु सेवा शाखा मार्फत सो कार्यक्रम संचालनको लागि अगुवा कृषकहरु छनौट गरी सिफारिस साथ मिति २०८०।०५।२२ गते भित्र देहाय अनुसारको कागजातहरु सहित यस कार्यालयमा पठाई सहयोग गरीदिनुहुन अनुरोध छ।

..................

डा.संजीव कुमार ठाकुर

(वरिष्ठ पशु चिकित्सक)

डा. संजिव कुमार ठाकुर
(वरिष्ठ पशु चिकित्सक)
कार्यालय प्रमुख

देहाय

१.स्थानीयतह बाट छनौट गरिएको सिफारिस पत्र

२.ईच्छुक समूह वा सहकारी वा व्यवसायिक कृषकको दर्ता प्रमाण पत्र

३.प्यान दर्ता प्रमाण पत्र

४.खेती गर्ने जग्गाको लालपूर्जाको प्रतिलिपि

५.समूह वा सहकारी वा व्यवसायिक कृषकले कार्यक्रममा सहभागि हुने निर्णयको प्रतिलिपि

६.कार्यक्रममा सहभागि गराईदिने व्योहोराको निवेदन